# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, माघ ११ गते २०३३ साल [संख्या ४०


श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

दुर्गम क्षेत्र विकास समिति (गठन) आदेश, २०३३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "दुर्गम क्षेत्र विकास समिति (गठन) आदेश, २०३३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

"परियोजना" भन्नाले श्री ५ को सरकारले दुर्गम क्षेत्र भनी घोषित गरेको क्षेत्रको आर्थिक समुन्नति एवं सामाजिक उत्थानको निमित्त नियम ४ बमोजिम छनौट भई स्वीकृत भएको परियोजना सम्झनुपर्छ।

३. समितिको गठनः– (१) दुर्गम क्षेत्र विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) गृह पञ्चायत मन्त्री– अध्यक्ष

(ख) राष्ट्रिय योजना आयोगको सदस्य– सदस्य

(ग) गृह पञ्चायत मन्त्रालयको सचिव वा राजपत्रांकित प्रथम श्रेणीस्तरको प्रतिनिधि– सदस्य

(घ) अर्थ मन्त्रालयको सचिव वा राजपत्रांकित प्रथम श्रेणीस्तरको प्रतिनिधि– सद[स्य]

(ङ) निर्माण तथा यातायात मन्त्रालयको सचिव वा राजपत्रांकित प्रथम श्रेणीस्तरको प्रतिनिधि– सदस्य

(च) खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको सचिव वा राजपत्रांकित प्रथम श्रेणीस्तरको प्रतिनिधि– सदस्य

(छ) प्रत्येक विकास क्षेत्रबाट एक एक जनाको हिसावले दुर्गम जिल्लाहरूबाट श्री ५ को सरकारले अवधि तोकी मनोनीत गरेको ४ जना व्यक्तिहरू– सदस्य

(ज) स्थानीय विकास विभागको महानिर्देशक– सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ।

(४) समितिको आमन्त्रणमा श्री ५ को सरकारको कुनै अधिकृत, विदेशी विशेषज्ञ वा सल्लाहकार समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः– परियोजनाको छनोट र कार्यान्वयन गर्नु समितिको कर्तव्य हुनेछ र परियोजनाको लागि समितिले निम्नलिखित कार्यहरू गर्न सक्नेछ :–

(क) जनभावना अनुरूप माग भएका तथा आर्थिक, सामाजिक, र प्रशासनिक दृष्टिबाट महत्वपूर्ण देखिएका परियोजना छनोट गर्ने,

(ख) परियोजनाको आर्थिक, सामाजिक र अन्य समस्याहरूको अध्ययन एवं विश्लेषण गर्ने, गराउने,

(ग) परियोजनाको सर्भेक्षण र लगत तयार गर्न लगाउने,

(घ) परियोजनाको लागि वार्षिक बजेट तयार गरी श्री ५ को सरकारसमक्ष पेश गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) परियोजना कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने र निर्माण कार्यहरूको निरीक्षण गर्ने,

(च) परियोजना सञ्चालन गर्न चाहिने विकासका सामग्रीहरूको आपूर्तिको लागि उचित व्यवस्था गर्ने,

(छ) श्री ५ को सरकारबाट दिएको निर्देशन अनुरूप काम गर्ने वा गर्न लगाउने,

(ज) परियोजनाको लागि स्थानीय व्यक्तिहरूलाई ग्राह्यता दिई आवश्यक कर्म-चारी भर्ना गर्ने,

(झ) परियोजनामा विभिन्न मन्त्रालय वा बिभागहरूद्वारा गरिने कार्यहरूमा समन्वय गर्ने,

(ञ) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने,

(ट) परियोजनाको कार्यान्वयनको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्ने ।

५. समितिको कोष :– समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिने छः–

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान स्वरूप प्राप्त रकम,

(ख) श्री ५ को सरकारबाट प्राप्त ऋण,

(ग) श्री ५ को सरकार मार्फत कुनै विदेशी सरकार वा संस्थाबाट प्राप्त रकम वा ऋण,

(घ) समितिको अन्य कुनै श्रोतबाट प्राप्त वा आर्जन गरेको रकम ।

६. लेखा र लेखापरीक्षण :– (१) समितिको आय व्ययको लेखा समितिले बनाएको नियम बमोजिम राखिने छ ।

(२) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाव किताव जाँच्न सक्नेछ।

७. अधिकार प्रत्यायोजन:– समितिले आवश्यकतानुसार आफ्नो केही अधिकार समितिको अध्यक्ष, सदस्य, सदस्य–सचिव वा सदस्यहरूको उप–समिति वा परियोजनाको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

८. समितिको बैठक र निर्णयः– (१) समितिको बैठक अध्यक्षले वा अध्यक्षको अनु-पस्थितिमा सदस्य–सचिवले तोकेबमोजिम बस्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अध्यक्ष र सदस्य–सचिवको अतिरिक्त अन्य तीनजना सदस्यहरू उपस्थित भएमा समितिको गणपूरक संख्या पूरा भएको मानिने छ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन सक्नेछ ।

(४) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

(५) समितिको निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

९. नियमहरू बनाउन सक्ने:– समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्क:– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा गृह पञ्चायत मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

११. समितिको कार्यालय:– समितिको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

आज्ञाले–

शेरबहादुर शाही

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।